# लेखापरीक्षण प्रतिवेदन

## महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/164

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

महाभारत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रामेछाप ।

## कैफियत सहितको राय

हामीले महाभारत गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.५ करोड ७८ लाख १५ हजार, एकीकृत प्रशासकीय भवन निर्माण रु.९० लाख, स्वास्थ्य क्षेत्र विकास कार्यक्रम डाइलेसिस सेवाको रु.७ लाख र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड ७९ लाख ४९ हजार समेत रु.८ करोड ५४ लाख ६४ हजार समावेश गरेको छैन ।

2. गाउँपालिकाको रु.१ अर्ब २७ करोड ९४ लाख ५४ हजारको लेखापरीक्षण गरिएकोमा रु.५७ लाख ०१ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रारम्भिक प्रतिवेदनमा पालिकाबाट रु.५७ लाख ०१ हजार नै वेरुजू फछर्यौट भई वेरुजू शून्य देखिएको छ । गत वर्षसम्म रु.९२ लाख ९६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.९२ लाख ९६ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

3. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ र सम्पत्ती तथा राजश्व लगायतका विषयहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४६ | ७३ | ५७,०१,६४२ | ० | ७० | ५७,०१,६४१ | ० | ४६ | ३ | १ | ० | ० | ० | ० | ० | ० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | ९२९६ | ० | ० | ९२९६ | ० | ० | ९२९६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३८ | स्वीकृत दरमा भन्दा बढी दरमा भुक्तानी | २३,१४६ |
| २ | २०८०/८१ | ४२ | सामुदायिक सिकाई केन्द्रलाई बढी निकासा | १,५०,००० |
| ३ | २०८०/८१ | ५०.३ | सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा | ५७,८४६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/८१ | ३४ | लेखापरीक्षण प्रतिवेदन | ५,४०,००० |
| ५ | २०८०/८१ | ४४.३, ४४.४, ४४.५, ४४.६ | लघु उद्यम विकास कार्यक्रम | ३,८६,०८२ |
| ६ | २०८०/८१ | ४३ | बैठक भत्ता | ५९,००० |
| ७ | २०८०/८१ | ३९ | बढी सहभागिता | ३,७०,४८७ |
| ८ | २०८०/८१ | ३६ | प्रदेश फिर्ता | ३९,७९,८१६ |
| ९ | २०८०/८१ | ४१ | तलब भुक्तानी | १,३५,२६४ |
| जम्मा | | | | ५७,०१,६४२ |

**नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|

# (८०३२६५०६३०० - महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १८६ वर्ग किलोमिटर तथा १६,०७९ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।०६ देखि २०८१।०८।०९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय – व्ययतर्फ रु.१ अर्ब २७ करोड ९४ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(च) लेखापरीक्षणको क्रममा असूली** - इकोनोमी मिडिया प्रा लि लाई विज्ञापन छुप २५ प्रतिशत दिनुपर्नेमा १५ प्रतिशत मात्र दिएकोले बढी भुक्तानी भएको रु.७५९३ असूल भई स्थानीय सञ्चित कोषमा मिति २०८१ पौष २३ मा दाखिला गरेको भौचर पेश गरेको छ । भिम जिम्वाको सवारी नविकरणको लागि पेश्की दिएको मध्ये फछ्र्यौट गरी खर्चको फाँटवारी पेश गरेकोमा नगद बाँकी देखिएको रु.११५०१७ लक्ष्मी सनराइज बैंकमा पालिकाको आन्तरिक खतामा मिति २०८१ पौष ११ मा दाखिला गरेको बैंक भौचर पेश भएको छ ।

२ **एकीकृत आर्थिक विवरण**

## महाभारत गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकीकृत वित्तीय विवरण

| सि.नं. | आय | | सि.नं. | व्यय | |
| --- | --- | --- | --- | --- | --- |
| | **शीर्षक** | **रकम** | | **शीर्षक** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी अल्या** | | १. | **चालु** | २५२२८१५८२ |
| | बैंक मौज्दात संचित कोष | ३३९७४९३९० | २. | **पूँजीगत** | २०७६०९९९८ |
| | धरौटी खाता | १०५०६६०५.५२ | ३. | **धरौटी फिर्ता** | १६४७८५१ |
| | विविध खर्च खाता | ९१७२९१८.२६ | ४. | **कोष खर्च प्रकोप वयवस्थापन कोष खाता** | २००००० |
| | प्रकोप व्यवस्थापन कोष खाता | ४१३४०७२ | ५ | बिबिध खर्च कोष खाता | ८०२७७८५ |
| २ | **यस वर्षको धरौटी आम्दानी** | ९३१४८५२ | ६ | **सामाजिक सुरक्षा** | ५७८१५६७५ |
| ३ | आन्तरिक राजश्व आम्दानी | ४३०१४७९.१६ | ७ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७९४९७६६ |
| ४ | राजश्व बाँडफाँड प्रदेश सरकार | १३११३१३८ | ८ | एकिकृत प्रशासकीय भवन निर्माण | ९०००००० |
| ५ | राजश्व बाँडफाँड संघीय सरकार | ७३७१६८५४.२५ | ९ | स्वास्थ्य क्षेत्र विकास कार्यक्रम डाइलेसिस सेवा | ७००००० |
| ६ | अन्य आय | ५३२९२८१ | **१०** | विगत आ व को अनुदान फिर्ता (१५११३) | १७२७८९२३६ |
| ७ | **संघीय सरकारबाट प्राप्त अनुदान** | | ११ | विगत आ व को बेरुजु दाखिला (१५१११) | ८४६२८० |
| | वित्तीय समानिकरण अनुदान | ७३४७०००० | १२ | **मौज्दात** | |
| | सशर्त अनुदान | १७०८५०५६७.३२ | | बैंक मौज्दात | १६२०२८४५१ |
| | समपुरक अनुदान | २०००००००० | | धरौटी मौज्दात | १८१७३६०६.५२ |
| | विशेष अनुदान | ४८४१२८०० | | बिबिध खर्च कोष खाता मौज्दात | ११४५१३३ |
| ८ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | प्रकोप व्यवस्थापन कोष खाता मौज्दात | ३९३४०७२ |
| | वित्तीय समानिकरण अनुदान | ७४०९००० | | | |
| | सशर्त अनुदान | १५८४८२६८ | | | |
| | समपुरक अनुदान | १६३०४९४६ | | | |
| | विशेष अनुदान | ७०४९८२३ | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | **सामाजिक सुरक्षा** | ५७८१५६७५ | | | |
| | एकिकृत स्वास्थ्य पूर्वाधार | १७९४९७६६ | | | |

| | | | | |
|---|---|---|---|---|
| | विकास कार्यक्रम | | | |
| | एकिकृत प्रशासकीय भवन निर्माण | ९०००००० | | |
| | स्वास्थ्य क्षेत्र विकास कार्यक्रम डाइलेसिस सेवा | ७००००० | | |
| | **जम्मा** | **९१४१४९४३६** | **जम्मा** | **९१४१४९४३६** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आन्तरिक नियन्त्रण प्रणाली**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार तलबी प्रतिवेदन पारित नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तीको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार जिन्सी निरीक्षण नगरेको,
- महाभारत गाउँपालिका सहकारी ऐन, २०७५ अनुसार सहकारी संस्थाको अनुगमन नगरेको,
- भवन संहिता ऐन, २०५५ अनुसार भवन संहिताको पालना नगरेको ।

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जूमा तथा लागु गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **वित्तीय प्रतिवेदन**

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५ करोड ७८ लाख १५ हजार एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड ७९ लाख ४९ हजार र अन्य रु.९७ लाख समेत गरी रु.८ करोड ५४ लाख ६५ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था हुनुपर्दछ ।

४.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१७ करोड ५२ लाख ३ हजार मौज्दात रहेकोमा यो वर्ष रु.३६ करोड ३५ लाख ६२ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८ करोड ५३ लाख ५९ हजार बढी जिम्मेवारी सारेको छ । गत आर्थिक वर्षको संचित कोषमा फिर्ता गर्नुपर्ने रकम सुत्रबाट घटेकोमा म्यानुअल फिर्ता गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट नघटेकोले फरक पर्न गएको भन्ने पालिकाको भनाई रहेको छ । यस वर्ष पालिकाको अन्तिम मौज्दात बैंक तथा श्रेष्ता अनुसार भिडान भएको छ ।

४.४ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको छ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १६२०२८४५१.७२ | १६२०२८४५१.७२ | ० |
| विविध खर्च खाता | ११४५१३३ | ११४५१३३ | ० |
| विपद व्यवस्थापन कोष खाता | ३९३४०७२ | ३९३४०७२ | ० |
| धरौटी | १८१७३६०६.५२ | १८१७३६०६.५२ | ० |
| बैङ्क | १८५२८१२६३.५० | १८५२८१२६३.५० | |
| **जम्मा** | **३७०५६२५२६.७४** | **३७०५६२५२६.७४** | |

५ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सो को सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरण को खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुईवर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा गरी सोही बमोजिम समयावधीमा कार्यान्वयन गर्नुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।०३।१० मा रु.५८ करोड ३५ लाख १७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनमा भएको व्यवस्था अनुसार बजेट पारित भएको ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने २१ दिन ढिलो अख्तियारी दिएको देखियो । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

## ७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

**(रु. हजारमा)**

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २५४३२ | १६१३१ | ६३.०४ |
| २ | पूर्वाधार विकास | २१४१९९ | १७५३८९ | ८१.८८ |
| ३ | सामाजिक विकास | २६५९३६ | २२१५६७ | ८३.३० |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ६८२६ | ४८५० | ७१.०५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ७३०१९ | ४१९५१ | ५७.४५ |

उल्लेखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८३.३० प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबै भन्दा घटीमा ५७.४५ प्रतिशत रहेको छ । तसर्थ पालिकाले आवश्यक्ताको आधारमा सबै क्षेत्रमा सन्तुलित विकास मार्फत जनताको जीवनस्तर सुधार गर्ने गरी बजेट विनियोजन र कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

## ८ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.४३ लाख १ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.४४ करोड ६१ लाख ७५ हजार समेत रु. ४५ करोड ४ लाख ७६ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२५ करोड २२ लाख ८१ हजार र पूँजीगत तर्फ रु.२० करोड ७६ लाख ९ हजार समेत गरी रु.४५ करोड ९१ लाख ९८ हजार खर्च भएकोमा आन्तरिक आयको हिस्सा ०.९३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६५ लाख ९७ हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा १५३.३८ प्रतिशत रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ९ अबण्डा बजेट

पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.३० लाख बजेट अबण्डा राखी कार्यपालिका र अध्यक्षको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । बजेट अवण्डा राखी गाउँभाबाट स्वीकृत नभएका योजनाहरुमा कार्यपालिका तथा अध्यक्षको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## १० अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ वित्तीय हस्तान्तरण रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस आर्थिक वर्षमा संघीय सरकारको अनुदान र प्रदेश सरकारको अनुदानको प्राप्ति, बजेट खर्च र अनुदान फिर्ताको विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

**(रु. हजारमा)**

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | सशर्त | १९९७८७ | १७६८५० | २२९३७ |
| | विशेष | ५१५०० | ४८४१२ | ३०८७ |
| | समपुरक | २०००० | २०००० | ० |
| **प्रदेश सरकार** | सशर्त | २०७८५ | १५८४८ | ४९१० |
| | विशेष | ९००० | ७०४९ | १९५० |
| | समपुरक | २०००० | १६३०४ | ३६९५ |
| | **जम्मा** | **३२१०४५** | **२८४४६६** | **३६५७९** |

उल्लेखित विवरण अनुसार पालिकामा संघीय अनुदान रु.२७ करोड १२ लाख ८७ हजार प्राप्त भएकोमा रु.२४ करोड ५२ लाख ६२ हजार खर्च भएको देखिन्छ । संघीय सरकारबाट प्राप्त भएको अनुदान मध्ये खर्च गर्न बाँकी रु.२ करोड ६० लाख २४ हजार आर्थिक वर्षको अन्तमा संघीय संचित कोषमा फिर्ता गरेको छ । साथै प्रदेश सरकारबाट रु.४ करोड ९७ लाख ८५ हजार अनुदान प्राप्त भएकोमा रु.३ करोड ९२ लाख १ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रु. १ करोड ५ लाख ५५ हजार आर्थिक वर्षको अन्तमा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

## ११ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १२ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२० करोड ७६ लाख ९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

**(रु. हजारमा)**

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पुँजीगत खर्चतर्फ | २०७६०९ | २१७९८ | २०९९७ | ६२०१३ | १०२८०१ | ४५९१९ |
| प्रतिशत | १०० | १०.५० | १०.११ | २९.८७ | ४९.५२ | २२.१२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२० करोड ७६ लाख ९ हजार पूँजीगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु.२ करोड १७ लाख ९८ हजार (१०.५०प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ९ लाख ९७ हजार (१०.११प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ६ करोड २० लाख १३ हजार (२९.८७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१० करोड २८ लाख १ हजार (४९.५२ प्रतिशत) खर्च गरेको देखिएको छ भने आषाढ महिनामा मात्र रु.४ करोड ५९ लाख १९ हजार (२२.१२ प्रतिशत) खर्च भएको छ । पालिकाले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १४ ठेक्का प्रतिस्पर्धा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले ठेक्का प्रक्रिया मार्फत सञ्चालन गरेका आयोजनाहरु मध्ये केहीको प्रतिस्पर्धाको अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान (भ्याट बाहेक) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | गौरी आ वि भवन निर्माण | ६ | ७,७५४,९६८.३९ | ५,६३९,१६९.०० | २७.२८ | Star Construction Pvt. Ltd., Banepa-6, Kavrepalanchok |
| २ | घमाइलो चौडिक घ्यापरिङ देविटार सडक | ८ | १७,२८३,७१७.७९ | १०,९१६,४०१.९५ | ३६.८४ | Sagarmatha Unique Construction Pvt. Ltd., |
| ३ | महाथान फिरिम आपटार चिर्का धाप सडक | ८ | १७,२८३,९०७.४८ | १०,८३६,४०८.२३ | ३७.३० | Sagarmatha Unique Construction Pvt. Ltd., |
| ४ | कोल्टार वडा नं ३ कार्यालय मसानेभन्ज्याङ महादेवटार सडक | ७ | ६२,९१७,७०६.१७ | ४५,०७६,३८७.९० | २८.३६ | Bhagawati / NS - JV, Panchkhal-11, Kavrepalanchok |
| ५ | नमटार देउराली झोलुङ्गेपुलर फोक्सिङ्टार ख्यापुवा झोलुङ्गेपुलको स्टिल पार्टस फेब्रिकेशन तथा सप्लाई | ३ | २,९३३,९०९.५६ | २,३२२,६९५.६२ | २०.८३ | Gaurav Nepal Engineer's Pvt. Ltd., Bharatpur-12, Chitwan |

उल्लेखित विवरण अनुसार पालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी महाथान फिरिम आपटार चिर्का धाप सडकमा लागत अनुमानको तुलनामा ३७.३० प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ भने सबै भन्दा कम नमटार देउराली झोलुङ्गेपुल र फोक्सिङटार ख्यापुवा झोलुङ्गेपुलको स्टिल पार्ट फेब्रिकेशन तथा सप्लाईमा लागत अनुमानको तुलनामा २०.८३ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । खुला बोलपत्रको माध्यामबाट कार्य गर्दा प्रतिस्पर्धाको स्थिति र निर्माण कार्यको गुणस्तर कायम हुने गरी ठेक्का व्यवस्था हुनुपर्दछ ।

१५ **ठेक्का अभिलख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१७ **योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमुलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ८ | ५२०००० |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | १०८ | १७८८२००० |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | २४ | ७९५०००० |
| ४ | रु.५ लाखदेखि माथि रु.१० लाख सम्मका योजना | ४२ | २४०५०००० |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | ४ | ५५००००० |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | १२ | १०९०००००० |
| | **जम्मा** | **१९८** | **१६४९०२०००** |

पालिकाले यस वर्ष कुल १९८ वटा योजना सञ्चालन गरेकोमा रु.१० लाख भन्दा साना १८२ वटा योजनामा रु.५ करोड ४ लाख २ हजार बजेट खर्च गरेको छ । सो विवरण अनुसार पालिकाले साना तथा वितरणमुखी योजना सञ्चालन गरेको देखिन्छ । तसर्थ पालिकाले स- साना योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी हासिल गर्न कठिनाइ हुने, साना तथा वितरणमूखी योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुने चालु प्रकृतिका खर्चमा वृद्धि भई प्रशासनिक खर्च समेत बढ्नुका साथै निर्माण कार्यको गुणस्तरमा ह्रास आउन सक्ने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१८ **ठेक्का बन्दोबस्त**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गरी बजेट प्रस्ताव गर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ । **(रु. हजारमा)**

| कार्यक्रम/ शीर्षक | | खरिद सम्झौता | | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ५ | १३४४१५ | ३ | ४९००० | ० | ० | १ | ८२१०० | १ | ३३१५ | ५ | १३४४१५ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु.१३ करोड ४४ लाख १५ हजार लागतको ५ वटा ठेक्का बन्दोबस्त गरेकोमा प्रथम त्रैमासिकमा रु.४ करोड ९० लाखको ३ ठेक्का, तेस्रो त्रैमासिकमा ८ करोड २१ लाखको १ ठेक्का र चौथो त्रैमासिकमा रु.३३ करोड १५ लाखको १ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यस वर्ष सम्झौता भएका सबै ठेक्का सम्पन्न भएको देखिन्छ । ठेक्का व्यवस्थापन ढिलो हुँदा वर्षको अन्त्य तिर आयोजना निर्माण कार्य सम्पन्न गर्ने समयको चाप पर्ने र ठेक्का सम्पन्न गर्न कठिनाई हुने हुँदा नियमावलीमा तोकिएको तोकिएको अवधि भित्र ठेक्का बन्दोबस्तको कार्य गर्नुपर्दछ ।

## १९ निर्माण कार्य व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| १९८ | ५ | १३४४१५ | १९३ | ६६२०१ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १९८ योजना मध्ये ठेक्का मार्फत ५ वटा योजनामा रु.१३ करोड ४४ लाख १५ हजार को योजना सम्झौता गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १९३ योजनामा रु.६ करोड ६२ लाख १ हजार खर्च गरेको छ । अर्थात पालिकाले यस वर्ष सञ्चालन गरेका १९८ योजना मध्ये २.५२ प्रतिशत योजना ठेक्का प्रकृया मार्फत र ९७.४८ प्रतिशत योजना उपभोक्ता समिति मार्फत् सञ्चालन गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्छ ।

## २० परामर्श सेवा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी खरिद कार्य टुक्राउन नहुने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही १२(२) बमोजिम तोकिएको आधार लिई गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार विभिन्न ३ कार्यक्रमको लागि विस्तृत परियोजना प्रतिवेदन तयारीको परामर्श सेवाको लागि रु.२०,९१,१५० को लागत अनुमान तयार गरी यो वर्ष रु.२०,२९,३६७ खर्च गरेको छ । पालिकाले यस वर्ष खरिद गरेका परामर्श सेवाको विवरण देहाय बमोजिम रहेको छः

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | महाथान चौरी गाताबेसी लिफ्ट सिँचाई सम्भाव्यता अध्ययन | G.S.T Engineering Consultancy Pvt. Ltd. Kathmandu | ५९६,७६८.११ | ५८२,९६७.०० | २.३१ | QCBS |
| २ | गाउँपालिका भित्रका जग्गा वर्गीकरण गर्न | S.A.R.P Engineering Pvt. Ltd. Bhaktapur Nepal | ७९८९३९.६५ | ७६८४००.०० | ३.८२ | QCBS |
| ३ | बेसीटोल ज्यामिरे खोला टोके चौउखोला सिँचाई सम्भाव्यता अध्ययन | Dexterous Construction and Designers , Banepa-6, kavre | ६९५४४२.७५ | ६७८०००.०० | २.५१ | QCBS |
| **जम्मा** | | | **२०९११५०.५** | **२०२९३६७** | | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष महाथान चौरी गातावेशी लिफ्ट सिंचाई सम्भाव्यता अध्ययन लगायतका कार्यमा कोटेशन विधिबाट ३ वटा सेवा खरिदका लागि जम्मा रु.२० लाख ९१ हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.२० लाख २९ हजार भुक्तानी गरेको छ । पालिकाले बजेटको आधारमा लागत अनुमान तयार गरेकोले लागत अनुमानको आधार स्पष्ट भएको देखिदैन । परामर्श सेवा सम्भव भए सम्म पालिकामा उपलब्ध जनशक्तिको प्रयोग गर्नुपर्नेमा सो गरेको देखिएन । पालिकाले यस वर्ष खरिद गरेका तीन वटा परामर्श सेवा मध्ये कुनै पनि योजना तर्जूमा भई कार्यान्वयनमा आएको देखिएन । कार्यान्वयनमा आउन सक्ने र स्रोत सुनिश्चितता भएका योजनाको लागि मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ ।

## २१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार उजुरी दर्ता र फछ्र्यौटको कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ० | ५ | ५ | ५ | ० |

पालिकाले न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाएको छ ।

## २२ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम ४२ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ८ |
| २. | कार्यविधि | ३० |
| ३. | निर्देशिका | ४ |
| **जम्मा** | | **४२** |

पालिकाले आर्थिक वर्ष २०७९।८० सम्म २९ वटा कानून तर्जूमा गरी कार्यान्वयनमा ल्याएकोमा यस वर्ष थप १३ वटा थप तर्जूमा गरी राजपत्रमा प्रकाशन गरी ४२ वटा कानुन कार्यान्वयनमा ल्याएको छ ।

## २३ भवनको नक्सा पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार भवन र जग्गाको देहाय बमोजिम छ ।

| क्र.सं. | भवनको विवरण | सम्झौता मिति | सम्झौता गर्ने पदाधिकारी | भवन निर्माण खर्च | कार्य सम्पन्न मिति | जग्गाको किसिम/ स्वामित्व | नक्सा पासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन | २०७८।८।२६ | हरि सिँह बिष्ट | ६१०००००० | निर्माणाधिन | दर्ता/आफ्नै स्वामित्वमा रहेको | नभएको |
| २ | वडा कार्यालयहरु ८ वटै | २०७६ | असोक बिष्ट | ४ करोड अनुमानित | २०७८।०७९ | दर्ता/आफ्नै स्वामित्वमा रहेको | नभएको |

उल्लेखित विवरण अनुसार पालिकाले प्रशासकीय भवन र ८ वटा वडा कार्यालयहरु निर्माण गर्दा नक्सा पास गरेको देखिएन । स्थानीय सरकार सञ्चालन ऐनको दफा ३९(५) मा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सा पास नगरी भवन बनाएको भए पाँच लाख रुपैयाँसम्म र पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन बनाएको भए दुई लाख रुपैयाँसम्म जरिवाना गरी अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिने व्यवस्था छ भने ऐनको दफा ४१(१) मा उपर उल्लेखित व्यवस्था विपरीत निर्माण भएको भवन, संरचना भत्काउनु पर्ने र लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने व्यवस्था छ । तसर्थ पालिकाले भवन निर्माण गर्दा स्थानीय सरकार सञ्चालन ऐन र भवन संहिता ऐन, २०५५ मा भएको प्रावधान अनुसार भवन निर्माण गर्नुपूर्व नक्सा पास गराउनुपर्दछ ।

## २४ कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।

| क्र.स. | स्वीकृत पद | स्वीकृत दरबन्दी सख्या | पदपूर्ती | | स्थायी पदपूर्ती हुँन बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | आठौं तह | १ | ० | ० | १ |
| २ | सातौं / आठौं तह | ६ | १ | ० | ५ |
| ३ | छैटौं तह | २ | | १ | |
| ४ | पाँचौ तह | २२ | ९ | ५ | ७ |
| ५ | चौथो तह | ४२ | ४ | ११ | १५ |
| ६ | का.स. | १२ | ० | ७ | ० |
| ७ | ड्राइभर | ४ | | ४ | |
| **जम्मा** | | **८९** | **१४** | **२८** | **२८** |

उल्लेखित विवरण अनुसार पालिकाको कुल स्वीकृत दरबन्दी संख्या ८९ रहेकोमा विभिन्न १४ पदहरु स्थायी र २८ पद करारमा नियुक्त गरी २८ पदहरु रिक्त रहेको अवस्था छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) मा तोकिए बमोजिम रिक्त रहेका पद र स्थायी पदपूर्ती हुने पदहरु प्रदेश लोक सेवा आयोगमा माग गरी स्थायी जनशक्तिको व्यवस्थापनबाट गुणस्तरीय र छरितो सेवा प्रवाह गर्ने तर्फ पहल गर्नुपर्दछ ।

## २५ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका २२ जना स्थायी कर्मचारीको रु.१ करोड ४० लाख ६८ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## २६ रिक्त पद पूर्ती नभएको

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ८९ जना रहेकोमा १४ जना स्थायी, २८ जना करारमा कार्यरत रही २८ स्थायी पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै रिक्त पद पूर्तिका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना पठाए पनि रिक्त पदहरुमा समयमा नै पद पूर्ति हुन सकेको छैन ।

## २७ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०८०।८१ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.४३ लाख १ हजार संकलन गरेको छ जुन आय अनुमानको तुलनामा ७८.२ प्रतिशत हुन आउछ । तसर्थ आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय वृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।

## २८ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिकाको जम्मा खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| पालिकाको जम्मा खर्च | आन्तरिक आय | जम्मा खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत |
|---|---|---|
| ४५,९८,९१,५८० | ४३,०१,४७९ | ०.९४ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.४५ करोड ९८ लाख ९१ हजार रहेको छ भने राजश्व संकलन रु.४३ लाख १ हजार रहेको छ । पालिकाको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९४ प्रतिशत मात्र रहेको देखिन्छ । यस वर्ष जम्मा रु.४३,०१,४७९ राजस्व आम्दानी गरेकोमा राख्नुपर्ने म.ले.प. फारम नंम्बरहरू नराखेको र प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुन सकिएन । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयका स्रोतहरुको पहिचान गरी पालिकाको खर्चमा आन्तरिक आयको हिस्सा बढाउने तर्फ पहल गर्नुपर्दछ ।

## २९ कानून निर्माण

